## विद्युतीय संरचना प्रयोग गरेबापतको भाडा रकम भूक्तानी गर्ने बारेको

# सूचना

इण्टरनेट तथा केबुल टि.भी. सेवा प्रदायकहरुले नेपालका शहरी तथा ग्रामिण क्षेत्रमा नेपाल विद्युत प्राधिकरणको विद्युत संरचना प्रयोग गरी आफ्नो सेवा संचालन तथा विस्तार गर्दै आइरहेको ब्यहोरा सर्वविदितै छ। त्यस्ता सेवा प्रदायकहरुले विद्युतीय संरचना प्रयोग गरेबापत नियमानुसार तिर्न/बुझाउनुपर्ने भाडा रकम भूक्तानी नगरेको कारण बक्यौता रकम बढ्दै गईरहेको अवस्था छ। प्रस्तुत विषयको जानकारी गराउँदै आफूले प्रयोग गरेको विद्युत संरचना (दुरी तथा परिमाण) को स्वःघोषणासहित नियमित भाडा रकम भूक्तानी गरी सम्झौता गर्न र संयुक्त प्रमाणिकरण गर्न पटक पटक पत्राचार गर्दासमेत कतिपय सेवा प्रदायकहरुले चासो नदेखाएको कारण मिति २०८२/०८/१७ र २२ गते दुई दिन Internet Service Provider Association of Nepal (ISPAN) का प्रतिनिधिसमेतको उपस्थितिमा बैठक बसी सम्वन्धित सेवा प्रदायकहरुले आफूले प्रयोग गरेको विद्युतीय संरचनाको दुरी तथा परिमाण उल्लेख गरी स्वःघोषणासहितको बिबरण ने.वि.प्रा., बितरण तथा ग्राहक सेवा निर्देशनालयमा मिति २०८२ पौष २० गते सम्ममा उपलब्ध गराउने सहमति भएकोमा हालसम्म पनि उक्त बिबरण प्राप्त नभएको प्रति प्राधिकरणको गम्भिर ध्यानाकर्षण भएको छ।

तसर्थ, सम्वन्धित इण्टरनेट तथा केबुल टि.भी. सेवा प्रदायकहरुले आफूले प्रयोग गरेको नेपाल विद्युत प्राधिकरणको संरचना (दुरी तथा परिमाण) को स्वःघोषणासहित अविलम्व भाडा रकम भूक्तानी गरी सम्झौता गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राधिकरणसँग सम्झौता नगरी आफ्नो सेवा संचालन तथा बिस्तार गर्ने सेवा प्रदायकहरुप्रति सहयोगी भूमिका निर्वाहगर्न नेपाल विद्युत प्राधिकरण बाध्य नहुने ब्यहोरासमेत यसै सूचना मार्फत जानकारी गराइन्छ।

नेपाल विद्युत प्राधिकरण
बितरण तथा ग्राहक सेवा निर्देशनालय